नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५११९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं,

पत्र संख्या :- ०८२/८३
चलानी नं.:- ९००३

मितिः २०८२/०९/०७

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
२०५०

**विषयः** विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री दुर्गा लक्ष्मी इनर्जी प्रा. लि.
टोखा-७, काठमाडौं, नेपाल ।
फो नं.: ९८४१८५७९१६, ०१५९०१३७१

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित तल्लो म्याग्दी खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन)को दफा १० को उपदफा (३)को व्यवस्था बमोजिम निम्न विवरणहरु पन्ध्र (१५) दिनको समयावधी भित्र पेश गर्नु हुन मिति २०८२/०९/०७को निर्णयानुसार जानकारी गराइन्छ ।

१. हाल पेश भएको Desk study report मा उल्लेख भएको बाँधको स्थान प्रस्तावित सर्वेक्षण क्षेत्र भन्दा बाहिर परेको हुँदा यथार्थपरक, त्रुटी रहित तथा आयोजनासँग सम्बन्धित आवश्यक सम्पुर्ण विवरणहरु विस्तृत रुपमा उल्लेख भएको Desk study report (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।
२. प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको (नोटराइज प्रतिलिपि) ।
३. प्रवर्द्धक कम्पनीको पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र (नोटराइज प्रतिलिपि) ।
४. प्रवर्द्धक कम्पनी अध्यावधिक सम्बन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि) ।
५. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.।
६. विभागबाट तोकिएको ढाँचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण पत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु ।
७. कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण
८. नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि
९. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।
१०. प्रवर्द्धकबाट पेश भएको दरखास्त, सञ्चालक समितिको निर्णय, डेस्क अध्ययन प्रतिवेदन, परामर्श दातृ संस्थासँग भएको सम्झौता तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको सञ्चालकको दस्तखतमा एकरुपता नदेखिएकोले एकरुपता हुने गरि सो कागजातहरु

(डा. आस्था भट्ट)
इन्जिनियर